रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ रिब्दीकोट माघ १७, २०७६ साल संख्याः ५

भाग – २

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम अमिलाजात, फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको अमिलाजात, फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६

गाउँसभाबाट पारित मिति २०७६।१०।१७

पृष्ठभूमि

रिब्दीकोट गाउँपालिका अन्तर्गत अमिलाजात फलफूल उत्पादन बृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन र बजारीकरण गर्न आवश्यकता महशुस गरी कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, अमिलाजात फलफूल अन्तरगत उत्पादित सुन्तला, मौसम र कागतीको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय अमिलाजात फलफूलको प्रवाह बढ्ने छ  भने अर्कोतर्फ अमिलाजात फलफूल उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि

बढाउन यो अनुदान कार्यक्रम कार्यविधिका रुपमा अमिलाजात फलफूल अन्तरगत सुन्तला, मौसम र कागती उत्पादक तथा बिक्रेता कृषि सहकारी संस्था मार्फत बिक्री गर्न सदस्य कृषकहरुलाइ उत्पादनको परिमाणमा आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस गाउँपालिकाले अमिलाजात फलफूल उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट जारी गरिएको छ ।

१. प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नामः अमिलाजात फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँसभाबाट स्वीकृत भए पछि लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्भनुपर्नेछ ।

२.२ "कार्यदल" भन्नाले गाउँपालिकाको आर्थिक विकास शाखा सम्भनु पर्नेछ ।

२.३ "कार्यविधि" भन्नाले अमिलाजात फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यविधि २०७६ सम्भनु पर्दछ ।

३. उद्देश्य :

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

३.१ अनुदान वितरण नीतिलाई प्रकियामुखीबाट परिणाममुखी तर्फ लैजाने ।

३.२ अमिलाजात फलफूल उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाइ सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

३.४ साना कृषकहरुको समेत अमिलाजात फलफूल उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने ।

३.५ गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषि उत्पादनमा आत्मनिर्भर बनाउन पहिलो पटक टमाटर र दूध पछि अमिलाजात फलफूलबाट शुरु गरी आत्मनिर्भरको लक्ष्य पूरा गर्न सहयोग गर्ने ।

३.६ अमिलाजात फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

४. <u>कार्य संचालन र प्रक्रिया :</u>

४.१ गाउँपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसूची १ बमोजिम) हुनेछ ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ५.३ बमोजिम मापदण्ड पूरा गरेका इच्छुक सहकारी संस्थाले तोकिएको म्याद भित्र अनुसूची २ बमोजिमको निवेदन गाउँपालिकाको कार्यालयमा दिनु पर्ने छ ।

४.३ सहकारी संस्थाको मापदण्ड

क) जुनसुकै समयमा पनि अमिलाजात फलफूल (सुन्तला, मौसम र कागती) कारोबार गर्ने गरेको ।

ख) दैनिक संकलित सुन्तला, मौसम र कागती उत्पादक कृषि सहकारी संस्था आफैले बिक्री

वितरण गरी बेचबिखनको प्रबन्ध गरेको ।

ग) नियमित रुमपा वार्षिका साधारण सभा र लेखापरीक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको ।

ङ) वडा कार्यालयको सिफारिश संलग्न गरेको ।

च) सहकारीमा आवद्ध सबै कृषकहरुको बगैचामा विषादी मानव स्वास्थ्य रहित हुने गरी सुरक्षा विधि अवलम्बन गरेको हुनु पर्नेछ ।

छ) सम्बन्धित सहकारी संस्थाले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्ने ।

ज) सहकारी संस्थाहरुले संस्थागत रुपमा सुन्तला, मौसम र कागती बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ र दैनिक खरिद बिक्रीको रेकर्ड पेश गर्नुपर्नेछ ।

४.४ कार्यालयले बुँदा नं. ५.३ अनुसार कृषि समन्वय इकाइमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पूरा गरेका सहकारीलाई छनौट गरी गाउँपालिकामा पठाउनु पर्नेछ ।

४.५ वडा कार्यालय तथा कृषि समन्वय इकाइबाट सिफारिश भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानबिन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

४.५ वडा कार्यालय तथा कृषि समन्वय इकाइबाट सिफारिश भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानबिन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

गाउँपालिका अध्यक्ष संयोजक

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा प्रमुख | सदस्य |
| कृषि समन्वय इकाइ प्रमुख | सदस्य सचिव |

४.६ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन गाउँपालिका समक्ष सिफारिश पेश गर्नेछ।

४.७ अनुदानको लागि छनौट भएका सुन्तला, मौसम र कागती संकलन तथा बिक्रेता सहकारी संस्थाले अनुसूची ३ बमोजिम सम्झौता गर्नुपर्नेछ।

४.८ सम्झौता पछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रही मासिक द्विमासिक तथा चौमासिक रुपमा सहकारीमा नै गई गाउँपालिकाले अनुदान रकम वितरण गर्नेछ।

५. सुन्तला, मौसम र कागती बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि आर्थिक आधार :

क) प्रति के.जी रु २ मात्र।

६. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

यस कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाइले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउँपालिकामा पेश गर्नुपर्नेछ।

७. थपघट वा हेरफेर गर्न सक्ने

७.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

७.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध

र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

७.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

## अमिलाजात फलफूल उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्रस्ताव आव्हान

### अनुसूची - १

अमिलाजात फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक सुन्तला मौसम र कागतीको खरिद बिक्री गर्ने कृषि सहकारी संस्थारुका लागि प्रस्ताव आव्हावान

गाउँपालिकाको आ.व. ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तला, मौसम र कागतीको खरिद बिक्री गर्ने कृषि सहकारीहरुलाई अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका सुन्तला, मौसम र कागती उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसूची २ अनुसारको निवेदन गाउँपालिकामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाईमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २

सुन्तला, मौसम र कागती खरिद बिक्री गर्ने कृषि सहकारी संस्थाले गाउँपालिका कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा ।

विषय : अमिला जात फलफूल उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ..............................मा प्रकाशित सूचना अनुसार यस सहकारी संस्थाले उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागि तपशिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपशिल

१) कूल सदस्य संख्या ......................

२) संस्थाबाट संकलित अमिलाजात, फलफूल बिक्री गरिने संस्थाहरुको नाम र ठेगाना

क) .........................................................................

ख) . .........................................................................

३) उचित तौलको प्रयोग भए नभएको

४) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाणका लागि निर्णय पुस्तिकाको प्रतिलिपि

५) जम्मा संकलन केन्द्र संख्या

६) रेकर्ड राख्ने गरे/नगरेको

७) सुन्तला, मौसम र कागतीको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने र जानकारी दिने गरेको नगरेको ।

८) सुन्तला, मौसम र कागतीको भण्डारण गर्ने उचित भण्डारण कक्ष भएको नभएको

९) सहकारी दर्ता/नविकरणको प्रमाण पत्र

१०) कुनै प्रकारको कारबाहीमा नपरेको बारेमा स्वःघोषणा

११) कर चुक्ता प्रमाण पत्र ।

## अनुसूची - ३

## रिब्दीकोट गाउँपालिका र सहकारी संस्था बिच हुने सम्झौता फारमको ढाँचा

रिब्दीकोट गाउँपालिकाको कार्यालय .................................. (यसपछि प्रथम पक्ष भनिने) र सुन्तला, मौसम र कागतीको खरिद बिक्री गर्ने कृषि सहकारी संस्था ....................................(यसपछि दोश्रो पक्ष भनिने) बिच सुन्तला, मौसम र कागतीको उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपशिल

१. दोश्रो पक्षले पहिलो पक्षलाई अनुदान रकम वितरण गर्दा गर्ने आफ्ना शेयर सदस्यलाई भेला गरी दिनु पर्नेछ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा विषादी सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा र स्वच्छ उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थल देखि आफूले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ र गुणस्तरयुक्त मौसम, सुन्तला र कागती कारोबारको पूर्ण व्यवस्था गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरण गर्न गाउँपालिकालाई सहयोग गर्नुपर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जनसुकै समयमा एकतर्फी रुपमा संझौता भङ्ग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असुल उपर गर्न सक्नेछ ।

६. यस संझौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो संझौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | पहिलो पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम : | नामः |
| पदः | पदः |
| संस्था : | संस्था : |

| रोहवरः | रोहवर |
|---|---|
| दस्तखतः | दस्तखत |
| नामः | नामः |
| पदः | पदः |
| संस्था : | संस्था : |

इति सम्बत ..............साल .............महिना ................गते रोज ...............शुभम ।

आज्ञाले
रिषीराम अर्जेल
प्रमुख प्रशासकीय अधिकृत